डुङ्गेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश, नेपाल
(शिक्षा,युवा तथा खेलकुद शाखा)

पत्र संख्याः -२०८२/०८३
चलानी नं. ८०२

मितिः-२०८२/०८/२९
ने.सं.:११४६ थिलागा एकादशी, सोमवार

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

श्री जो जससँग सम्वन्धित छ ।

दैलेख जिल्ला डुङ्गेश्वर गाउँपालिका अन्तर्गत श्री पृथ्वी प्राथमिक विद्यालय डुङ्गेश्वर-४,चाख्लाचौरमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि वढाइदिन भनी विद्यालयको च.नं.५८ मिति २०८२/०८/२५ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्वन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना prithiviprimaryschool@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

३.थप जानकारीका लागि मो.नं.९८४८१६२४४३ मा सम्पर्क गर्न सकिनेछ ।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ ,दैलेख

श्री पृथ्वी प्राथमिक विद्यालय डुङ्गेश्वर-४,चाख्लाचौर, दैलेख

श्री सूचना प्रविधि शाखाः-पालिकाको Website र Facebook page मा अपलोड गरिदिनुहुन ।

(श्रीसम्सेर रानामगर)
प्रमुख प्रशासकीय अधिकृत

श्रीसम्सेर रानामगर
प्रमुख प्रशासकीय अधिकृत